राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, दाङ

लुम्बिनी प्रदेश, नेपाल

☎०८२-५९०६४०

आ.व. २०८२/०८३

## नदीजन्य पदार्थ उत्खनन तथा संकलन सम्बन्धी सम्झौताका लागि आह्वान गरिएको सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति: २०८३/०२/०१**

यस राजपुर गाउँपालिका क्षेत्रभित्र चालु आर्थिक वर्ष२०८२/०८३ लागि स्वीकृत भएका कुल १० (दश) वटा घाटहरूमध्ये स्वीकृत कार्यविधि र प्रक्रिया बमोजिम ठेक्का आह्वान गर्दा ३ (तीन) वटा घाटहरू मात्र ठेक्का लागेको र बाँकी ७ (सात) वटा घाटहरू ठेक्का लाग्न नसकी खाली रहेको व्यहोरा सर्वविदितै छ।

पालिका अन्तर्गतका विकास निर्माणका आयोजनाहरू तथा आम सर्वसाधारणको आवश्यकतालाई मध्यनजर गर्दै, ठेक्का लाग्न नसकेका निम्न बमोजिमका ७ वटा घाटहरूबाट स्वीकृत वातावरणीय प्रतिवेदन (IEE) को मापदण्ड बमोजिम तोकिएको परिमाणमा नबढ्ने गरी गाउँपालिकाले निर्धारण गरेको दररेटमा नघट्ने गरी नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन, संकलन र ढुवानी गर्न इच्छुक फर्म, कम्पनी, व्यवसाय वा व्यक्तिहरूलाई सम्झौताका लागि यो सूचना प्रकाशित गरिएको छ।

तसर्थ, इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) **दिनभित्र** (कार्यालय समयभित्र) आवश्यक कागजातहरू सहित यस गाउँपालिकाको कार्यालयमा रीतपूर्वकको आवेदन पेश गर्नुहुन आह्वान गरिन्छ।

**१. घाट अनुसारको स्वीकृत उत्खनन परिमाण र न्यूनतम दररेट विवरण:**

- **राजस्व दर:** प्रति घन मिटर रु. २८२.५५ (अक्षरेपी दुई सय बयासी रुपैयाँ पचपन्न पैसा मात्र) *[स्थानीय सरकार सञ्चालन ऐन तथा नियमानुसार लाग्ने थप कर/दस्तुर बाहेक]*

| क्र.सं. | वडा नं. घाटको नाम | स्वीकृत उत्खनन परिमाण (घन मिटर) |
|---|---|---|
| १ | वडा नं. ३ झुर्रा घाट | ४,०००.०० |
| २ | वडा नं. ४ असानी घाट | ६,९५०.०० |
| ३ | वडा नं. ४ मुन्ग्रेठा घाट | ४००.०० |
| ४ | वडा नं. ५ सालभौरी-१ घाट | २,१८२.०० |
| ५ | वडा नं. ५ सालभौरी-२ घाट | २४६१.०० |
| ६ | वडा नं. ५ सालभौरी-३ घाट | ३,०३३.०० |
| ७ | वडा नं. ५ सालभौरी-६ घाट | २२,२६६.०० |

**२. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (व्यक्तिको हकमा)।
- फर्म/कम्पनी दर्ता प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (व्यवसायको हकमा)।
- स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।
- स्थानीय तहमा कुनै पनि कर/राजस्व तिर्न बाँकी नरहेको कागजात/रसिद।

**३. अन्य सर्त तथा नियमहरू:**

- सम्झौता गर्दा गाउँपालिकाले तोकेको धरौटी रकम वा बैंक ग्यारेन्टी र तोकिएको राजस्व अग्रिम रूपमा बुझाउनुपर्नेछ।
- उत्खनन कार्य स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेको क्षेत्र, गहिराइ र मापदण्ड भित्र रही मेसिन वा सामाग्री प्रयोग गरी गर्नुपर्नेछ। नदी, पुल-पुलेसा र वातावरणीय संवेदनशीलतालाई असर पर्ने गरी उत्खनन गर्न पाइने छैन।
- एक भन्दा बढी आवेदक परेमा पालिकाको आर्थिक ऐन, नियम र निर्णय बमोजिम प्राथमिकता तय गरिनेछ वा प्रतिस्पर्धा गराइनेछ।
- यस सम्बन्धमा संक्षिप्त सर्तहरू र सम्झौताको विस्तृत प्रारूप कार्यालयको सूचना पाटी वा राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ।
- सूचनाको म्यादभित्र रीत नपुगी आएका वा म्याद नाघी आएका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन।

**थप जानकारीका लागि:**

राजपुर गाउँपालिका कार्यालय (राजस्व शाखा / प्राविधिक शाखा)

सम्पर्क नं: ०८२-५९०६३७/९८५११४२५४२

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

............
शोभा राम रिजाल
प्रमुख प्रशासकीय अधिकृत